संघीय संसद
प्रतिनिधि सभा, २०७९
तेस्रो अधिवेशन
बैठक संख्या - ६

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल फागुन १३ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:०५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) लगायतका माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिनु भएपछि सम्माननीय सभामुखले माननीय सदस्य श्री पदम गिरीलाई समय दिनुहुँदा उहाँले बालकुमारी घटनाका दोषी भौतिक, पूर्वाधार तथा यातायात मन्त्री, उक्त घटनामा गोली हान्न आदेश दिने गृहमन्त्री र अख्तियारको निगरानीमा रहेका स्वास्थ्य तथा जनसंख्या मन्त्रीलाई पनि तत्काल बर्खास्त गर्नुपर्ने, देशको सुदुर पश्चिम र पूर्वदेखि हिँडेर काठमाडौंको चिसोमा मिटर व्याजी पिडितहरु कठ्याङग्रीयर बस्नु परेको तर सरकारले वेवास्ता गरेको, लम्पी स्किन रोगको कारण पैसट्ठी हजार भन्दा बढी पशु चौपायाहरु गुमाएका किसानलाई सरकारले क्षतिपूर्ति उपलव्ध नगराएको लगायतका समसामयिक विषयहरुमा आफ्नो भनाई राख्नुभयो ।

त्यसपछि नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी लगायतका माननीय सदस्यहरु पुनः आ-आफ्नो स्थानमा उभिनु भएपछि सम्माननीय सभामुखले पछिल्ला केहि दिनहरुदेखि सभामा उठेका प्रश्नहरुको सन्दर्भमा प्रधानमन्त्री सदनमा उपस्थित भएर जवाफ दिनु पऱ्यो भन्ने माननीय सदस्यहरुको माग प्रति ससंद एवं सरकारको ध्यानाकर्षण भएको जानकारी गराउनु हुँदै माननीय सदस्यहरुलाई आशन ग्रहण गर्न आग्रह गर्नुभयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाइ राख्नुभयोः-

१. मा० श्री विजुला रायमाझी
२. मा० श्री विना लामा
३. मा० श्री विद्या भट्टराई
४. मा० श्री विनिता कुमारी सिंह
५. मा० श्री विराज भक्त श्रेष्ठ
६. मा० श्री वीना जैसवाल
७. मा० श्री श्याम कुमार घिमिरे
८. मा० श्री शान्ती वि.क.
९. मा० श्री शान्ती श्रेष्ठ
१०. मा० श्री शिव नेपाली
११. मा० श्री शिशिर खनाल
१२. मा० श्री शोभा ज्ञवाली
१३. मा० श्री सन्तोष चालिसे
१४. मा० श्री सन्तोष परियार
१५. मा० श्री सम्झना थपलिया
१६. मा० श्री सरस्वती सुब्बा
१७. मा० श्री सराज अहमद फारुकी
१८. मा० श्री सरिता भुसाल
१९. मा० डा० स्वर्णिम वाग्ले
२०. मा० श्री सान्ती चौधरी
२१. मा० श्री सिता कुमारी राना
२२. मा० श्री सिता मिजार
२३. मा० श्री सुनिता बराल
२४. मा० श्री सुमना श्रेष्ठ
२५. मा० श्री सुशीला श्रेष्ठ
२६. मा० श्री सूर्य कुमारी श्रेष्ठ
२७. मा० श्री सूर्य प्रसाद ढकाल
२८. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
२९. मा० श्री सूर्यमान तामाङ (दोङ)
३०. मा० श्री सोबिता गौतम
३१. मा० श्री संजय कुमार गौतम
३२. मा० श्री हर्कमाया विश्वकर्मा
३३. मा० श्री हरि ढकाल
३४. मा० श्री हित बहादुर तामाङ
३५. मा० श्री हितराज पाण्डे
३६. मा० श्री हेमराज राई
३७. मा० श्री हृदयराम थानी
३८. मा० श्री ज्ञानु बस्नेत सुवेदी
३९. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री रामहरि खतिवडा
२. मा० श्री भिम प्रसाद आचार्य
३. मा० श्री माधव सापकोटा
४. मा० श्री मनिष झा

५. मा० श्री ज्ञान बहादुर शाही
६. मा० श्री प्रदिप यादव
७. मा० श्री धन बहादुर बुढा
८. मा० श्री अब्दुल खांन
९. मा० श्री राम प्रकाश चौधरी
१०. मा० श्री प्रेम सुवाल
११. मा० डा० अमरेश कुमार सिंह
१२. मा० श्री संजय कुमार गौतम
१३. मा० श्री ज्वाला कुमारी साह
१४. मा० श्री महेन्द्र बहादुर शाही
१५. मा० श्री विनिता कठायत
१६. मा० श्री अम्मर बहादुर थापा
१७. मा० श्री रमा कोइराला पौड्याल
१८. मा० श्री लिलानाथ श्रेष्ठ
१९. मा० श्री श्याम कुमार घिमिरे
२०. मा० श्री मेनुका कुमारी पोखरेल
२१. मा० डा० सुनिल कुमार शर्मा
२२. मा० श्री बासुदेव घिमिरे
२३. मा० श्री दामोदर पौडेल वैरागी

यसैबिच माननीय श्री हितराज पाण्डेले नियमापत्ति गर्नुहँदै माननीय श्री ज्ञान बहादुर शाहीले बोल्ने क्रममा घाँटी रेट्ने भन्ने शव्द प्रयोग गर्नु भएको प्रति आपत्ति जनाउनु भयो । साथै माननीय डा० सुनिल कुमार शर्माले नियमापत्ति गर्नु हुँदै गरिमामय संसदमा एकजना सांसदले बोलिरहदा राज्य पक्षका सांसदले यसरी नियमापत्ति गर्न मिल्दैन भन्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले मिति २०८० फागुन १० गतेको बैठकमा गणपूरक संख्याको अभावमा निर्णयार्थ प्रस्तुत हुन बाँकी “राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८०” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि माननीय श्री प्रेम सुवालबाट प्राप्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले अस्वीकृत भयो ।

त्यसपछि माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री श्री नारायणकाजी श्रेष्ठले “राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८०” प्रस्तुत गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल फागुन १४ गते सोमबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको २:३० बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव